युनाइटेड मोदी हाइड्रोपावर लि.
दर्ता नं. ४९१८५
पहिलो तल्ला, हेरिटेज प्लाजा २,
कमलादी, काठमाडौं, नेपाल

## एघारौं वार्षिक साधारण सभाको काम कारवाही तथा निर्णयहरु

**पृष्ठभूमि :**

यस युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको एघारौं वार्षिक साधारण सभा मिति २०८१ चैत्र २७ गते ( तद्नुसार ०९ अप्रिल, २०२५) बिहान ११:०० बजे कालिमाटी ब्यैङ्केट, कालिमाटी, काठमाण्डौं स्थित सभाकक्षमा कम्पनीका अध्यक्ष श्री नविन सिलवालको अध्यक्षतामा सम्पन्न भयो । हालको विद्यमान परिस्थिति तथा सूचना प्रविधि मार्फत सूचना प्रवाह गर्दानै प्रभावकारी हुने भएकोले सार्वजनिक राष्ट्रिय दैनिक पत्रिका तथा विद्युतीय माध्यम मार्फत सूचनाको व्यवस्था समेत मिलाइ सोही अनुरुप यस एघारौं वार्षिक साधारण सभा सम्बन्धि सूचना प्रकाशित गरिएको थियो र सोही बमोजिम कम्पनीका शेयरधनी महानुभावहरुको उपस्थितिमा सभा सम्पन्न भयो ।

कम्पनीका सञ्चालक समितिका अध्यक्ष, सञ्चालकहरु, शेयरधनी महानुभावहरु, कम्पनीका पदाधिकारीहरु तथा आमन्त्रित सबै महानुभावहरुको आसन ग्रहण पश्चात् अध्यक्षको अनुमति लिई कम्पनी सचिव श्री नारायण प्रसाद आचार्यले एघारौं वार्षिक साधारण सभाको कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

**१. सभा सम्बन्धी सूचना र प्रकाशन :**

यस एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना प्रथम पटक मिति २०८१/११/२७ गते तथा दोश्रो पटक मिति २०८१/१२/२० गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । सो सूचनाहरु, संक्षिप्त विवरणहरु तथा वार्षिक प्रतिवेदनको प्रतिलिपि सम्भव भएसम्म शेयरधनीहरुलाई उपलब्ध गराइएको थियो। शेयरधनीहरुको सुविधाको लागि कम्पनीको वेबसाईट www.umh.com.np मा समेत हेर्न मिल्ने व्यवस्था गरिनुको साथै एघारौं वार्षिक साधारण सभाको सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लि., नेपाल धितोपत्र बोर्ड, श्री विद्युत नियमन आयोग लगायतका निकायहरुलाई समेत जानकारीको लागी पत्राचार गरिएको थियो ।

**२. उपस्थिति :**

**क. सञ्चालक समिति :**

| | | |
|---|---|---|
| १. | श्री नविन सिलवाल | अध्यक्ष |
| २. | श्री रोमन दंगाल | प्रबन्ध सञ्चालक |
| ३. | श्री रेनुका पाण्डे | सञ्चालक |
| ४. | श्री सुनिल भक्त श्रेष्ठ | सञ्चालक |

५. श्री अविनाश पंडित सञ्चालक

६. श्री सपना गुरुङ्ग सञ्चालक

७. श्री अमित पाण्डे स्वतन्त्र सञ्चालक

**ख. शेयरधनीहरु**

साधारण सभामा शेयर दाखिल खारेज बन्द हुँदाको मितिमा कायम कुल शेयरधनीहरु मध्ये १,०५५ जना ( शेयरधनी तथा प्रोक्सीहरु समेत) शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

**ग) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :**

| विवरण | कूल संख्या | उपस्थिति संख्या | उपस्थिति प्रतिशत |
|---|---|---|---|
| कम्पनीको शेयर कित्ता | १२३,०५,००० | ६३,६४,३४० | ५१।७२ |
| कम्पनीका शेयरधनी | ६०,७५० | १,०५५ | १।७४ |

**घ) सभाको वैधानिकता :**

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ तथा कम्पनीको स्वीकृत प्रबन्धपत्र तथा नियमावलीमा भएका व्यवस्था बमोजिम साधारण सभा सञ्चालन गर्नको लागि आवश्यक प्रकृया तथा निर्दिष्ट गणपूरक संख्या पुगेको जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग्नु भयो । उपस्थित शेयरधनीहरुले कम्पनीको वार्षिक साधारण सभाका लागि गणपूरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा साधारण सभाको काम कारवाही अगाडि बढाउने अनुमति दिनु भयो ।

कम्पनी सचिव नारायण प्रसाद आचार्यले कम्पनीका अध्यक्ष श्री नविन सिलवाललाई शेयरधनीहरु समक्ष कम्पनीको बारेमा संक्षिप्त जानकारी गराउन अनुरोध गर्नु भएकोमा उहाँहरुले साधारण सभामा उपस्थित सदस्यहरु, शेयरधनीहरु, कम्पनीका पदाधिकारीहरु तथा आमन्त्रित सबै महानुभावहरुलाई कम्पनीको वर्तमान अवस्था तथा भावी कार्य योजनाका बारेमा संक्षिप्त जानकारी गराउनु भयो । तत्पश्चात उक्त प्रस्तुतिकरणका लागि धन्यवाद सहित कम्पनी सचिव नारायण प्रसाद आचार्यले साधारण सभामा छलफल हुने प्रस्तावहरुको सूची शेयरधनीहरु समक्ष प्रस्तुत गर्नुभयो । छलफल तथा निर्णयार्थ सभामा प्रस्तुत सूचीलाई साधारण सभाले सर्वसम्मतिबाट स्वीकृत गरी सोही प्रस्तावहरु अनुरुप देहाय बमोजिमका निर्णयहरु गरियो ।

३. एघारौं वार्षिक साधारण सभामा छलफल तथा निर्णयका लागि देहायका प्रस्ताव (छलफलका विषय) हरु प्रस्तुत गरिएका थियो ।

**छलफलका विषयहरु :-**

**क) सामान्य प्रस्ताव**

United Modi Hydropower Ltd. UMH Kathmandu, Nepal

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/०८१ का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८१/०८२ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. अन्य लगानी योग्य क्षेत्र पहिचान गरी लगानी गर्नुपरेमा सञ्चालक समितिलाई अख्तियारी दिने ।

**ख) विशेष प्रस्ताव**

१ .मिति २०८१।०२।२७ गतेको दशौं वार्षिक साधारण सभावाट हाल कायम रहेको चुक्ता पूजी रु.१,२३,०५,००,००० वमोजीमको शेयर संख्या १,२३,०५,००० कित्ता शेयर बराबर १ शेयरका दरले १:१ अनुपातमा हकप्रद शेयर जारी तथा निष्काशन गर्ने निर्णय भएकोमा सो शेयर अनुपात संशोधन गरी १ शेयर दरले ०:६५ अनुपातमा जारी तथा निष्काशन गर्ने सम्बन्धमा ।

२. हकप्रद शेयर निष्काशनका लागि कम्पनीको अधिकृत तथा जारी पूँजी बृद्धि गर्ने सम्बन्धमा ।

३. हकप्रद शेयर जारी तथा निष्काशन गर्ने कार्य गर्दा श्री विद्युत नियमन आयोग, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लि., श्री कम्पनी रजिष्ट्रारको कार्यालय, लगायतका नियमनकारी निकायमा आवश्यक अभिलेखन कार्य गर्नका लागी कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

४. माथि उल्लेख गरे बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गरिएका आवश्यक संशोधनहरु कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत गराउने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्न र नियामक निकाय तथा अन्य सरकारी कार्यालयबाट जारी नीति निर्देशन बमोजिम प्रबन्ध पत्र तथा नियमावलीमा परिमार्जन गर्नुपरेमा सो सम्बन्धमा सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

**४) सभाको सञ्चालन तथा प्रतिवेदनको प्रस्तुति :**

कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री नविन सिलवालले सञ्चालक समितिको तर्फबाट कम्पनीको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो । सो पश्चात् अध्यक्षको अनुमतिले कम्पनी सचिवले सञ्चालक समितिको प्रतिवेदन तथा वित्तिय विवरण लगायतका विषयहरुमा छलफलका लागि शेयरधनीहरुलाई अनुरोध गर्नुभयो । कम्पनीका अध्यक्षले पेश गर्नुभएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरु साथै कम्पनीको कार्य सञ्चालनको अवस्था तथा भावी कार्य योजना उपर निम्न शेयरधनीहरुले आफ्नो लिखित तथा मौखिक राय, प्रतिक्रिया तथा सुझावहरु राख्नु भएको थियो ।

१. श्री सुदिप श्रेष्ठ
२. श्री ब्रह्म देव शाक्य
३. श्री शत्रुघन श्रेष्ठ
४. श्री डमरु बल्लभ घिमिरे
५. श्री इन्द्रकृष्ण श्रेष्ठ
६. श्री उद्धव प्रसाद घिमिरे
७. श्री निरुपमा गुप्ता
८. श्री कृष्ण प्रसाद अधिकारी
९. श्री गोविन्द बहादुर के.सी
१०. श्री इन्द्र प्रसाद लामीछाने
११. श्री नरसिंह लाल चखूँ
१२. श्री युगल बसेल
१३. श्री बैजुनाथ रौनियार
१४. श्री ध्रवराज न्यौपाने
१५. श्री बिष्णु खरेल
१६. श्री लक्ष्मण बहादुर श्रेष्ठ

**छलफलमा सहभागी शेयरधनीहरुको राय, सुझाव र प्रतिक्रियाहरु संक्षिप्त रुपमा यस प्रकार रहेको थियो**

१. शेयरधनी श्री सुदिप श्रेष्ठले कम्पनीको सबै पक्ष सन्तोषजनक रहेको र यस कम्पनीले शुरुवातमै नगद लाभांस दिएको थियो। जुन साह्रै सहानिय कुरा थियो। शेयरधनीहरुले सन्तोष गरेको जानकारी गराउदै कम्पनीले आगामी दिनमा श्रव्य दृश्य बाट आयोजनाको अवस्थाको जानकारी गराएमा अझ राम्रो हुने भनि कम्पनीको उत्तरोत्तर प्रगतीको कामना गर्नुभएको थियो।

२. शेयरधनी श्री ब्रह्म देव शाक्यले कम्पनीले आफ्नो कर्जा कम गर्न विशेष पहल गर्नुपर्ने सुझाव पेश गर्दै लाभांसको व्यबस्था हुनुपर्ने परियोजनाको निर्क्योल भए पश्चात मात्र हकप्रद शेयर संशोधन गर्दा राम्रो हुने भन्दै सन्चालक समिति प्रति विशेष आभार प्रकट गर्दै भैपरि आएको बेलामा सरल तथा छिटो माध्यम बाट् क्षतिपूर्ति लिन सकिने बिमा कम्पनीको छनोट गर्न सुझाव व्यक्त गर्नुभयो।

३. शेयरधनी श्री शत्रुघन श्रेष्ठले म यस कम्पनीको पुरानो शेयरधनि हो। बिगतमा कम्पनीले लाभांस दिदै आएको र लामो अवधि पश्चात शेयरधनीहरुलाई हकप्रद शेयर दिने निर्णय गरेकोमा सन्चालक समितिलाई बिशेष धन्यवाद दिँदै कम्पनीको उत्तरोत्तर प्रगतिको कामनाको अनुरोध गर्नुभयो।

४. शेयरधनी श्री डम्मरु बल्लभ घिमिरेले साधारण सभा समयमानै हुनु पर्‍यो। हकप्रद शेयर अरु कम्पनीको बढ्छ यसको घट्दा बजारमा सन्देश राम्रो जादैन की ? ध्यान दिनु होला भन्दै कम्पनीको उत्तरोत्तर प्रगतीको कामना व्यक्त गर्नु भयो।

५. शेयरधनी श्री इन्द्रकृष्ण श्रेष्ठले साधारण सभा नसकी खाना खोल्नु भएन हकप्रद शेयर नघटाएको भए हुने थियो । लेखा परिक्षण प्रतिवेदनमा उल्लेखनीय सुधार भएकोमा धन्यवाद ज्ञापन गर्दछु । नेपाली भाषामा प्रकाशित गर्नुहोला भनि साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नु भयो ।

६. शेयरधनी श्री उद्धव प्रसाद घिमिरेले आगामी बर्षमा केही न केही बोनस शेयरका साथै नगद लाभांशको पनि व्यवस्था गर्नुहोला । लेखा परिक्षण प्रतिवेदन राम्रो छ । कर्जा घटाएकोमा बधाई छ । हकप्रद शेयर घटाएकोमा राम्रो स्वागत योग्य छ । आ.ब. ०८१/०८२ पौष सम्मको रिपोर्ट हेर्दा सन्तोष जनक छ । साथै कम्पनीका शेयरधनीहरुलाई उर्जा सम्बन्धी विभिन्न अभिमुखिकरण कार्यक्रममा सहभागी गराउने व्यवस्था मिलाउन सञ्चालक समितिलाई आग्रह गर्नुभयो ।

७. शेयरधनी श्री निरुपमा गुप्ताले कम्पनीले विद्युतिय माध्यमबाट आयोजना क्षेत्र पनि देखाइदिएमा अझ राम्रो हुने थियो भन्दै ऋण घटाउदै गएको राम्रो पक्ष हो । युनाइटेड मेवा खोला हाइड्रोपावर लि.मा लगानी भएका कारण अर्को बर्ष लाभांश पाउने आशा छ, हकप्रद शेयर कम गरेको राम्रो छ । कम खर्च गरी खर्चमा मितव्ययिता अपनाएकाले स्वागत योग्य छ भनि सफलताको कामना गर्नु भयो ।

८. शेयरधनी कृष्ण प्रसाद अधिकारीले पाँच बर्षको विवरण समेत दिएमा राम्रो र पूर्णता हुने थियो भन्दै कम्पनीले आउँदा दिनमा अझ बढी प्रगती गर्दै जानेमा आफू विश्वस्त रहेको आशय ब्यक्त गर्नुभयो ।

९. शेयरधनी गोविन्द बहादुर के.सी.ले युनाइटेड मेवा खोला हाइड्रोपावर लि. मा गरेको लगानी सन्तोषजनक रहेको र आगामी दिनमा लाभांश बाढन सक्ने गरी काम गर्नुहोला भन्दै हकप्रद शेयर छिटो निष्कासन गर्नु होस भनि कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

१०. शेयरधनी श्री इन्द्र प्रसाद लामीछानेले साधारण सभा तोकिएको समय भन्दा ३० मिनेट ढिलो हुन गएको हुदाँ आगामी दिनहरुमा पूर्व तयारीका साथ रहन आग्रह गर्दै आगामी दिनमा प्रतिफल बाढने गरी कार्ययोजना तयार गर्न सुझाव दिनु भयो ।

११. शेयरधनी श्री नरसिंह लाल चखूँले आर्थिक प्रतिवेदन सन्तोषजनक देखियो । Revenue Ratio बढाउने तर्फ ध्यान दिनुपर्‍यो उठाउनुपर्ने रकम उठाउनु पर्‍यो कम्पनीको Goodwill राम्रो छ । अन्य हाइड्रोमा गरेको लगानी परिणममुखी देखिन्छ । भन्दै कम्पनीको उत्तरोत्तर प्रगतीको कामना गर्नुभयो ।

१२. शेयरधनी श्री युगल बसेलले आयोजनाको बारेमा श्रव्य दृश्यबाट देखाउदा राम्रो हुने थियो । आर्थिक रिपोर्ट Excel sheet राख्नुभएको भए राम्रो हुने थियो । दुरगामी प्रतिफल हुने गरी निर्णय गर्नुपर्‍यो भनि नयाँ वर्ष २०८२ को शुभकामना व्यक्त गर्नुभयो ।

१३. शेयरधनी श्री बैजनाथ रौनियारले यस आर्थिक बर्षमा केहि नदिएपनि आगामी बर्षमा लाभांस दिनुहोला भन्ने आशा छ । हकप्रद शेयर निष्कासन गरेर राम्रो कम्पनीमा लगानी गर्नुपर्‍यो । प्रतिशेयर आम्दानी बढेकोमा खुसी व्यक्त गरी कम्पनीको उत्तरोत्तर प्रगतीको कामना गर्नुभयो ।

United Modi Hydropower Ltd. UMH Kathmandu, Nepal

१४. शेयरधनी श्री ध्रुवराज न्यौपानेले कर्जा घटाएकोमा राम्रो काम गर्नुभयो, छिटो छिटो लगानी गर्नुहोस, हतारमा वार्षिक प्रतिवेदन बनाए जस्तो छ। नेपालको नक्शा राख्नुहोस नक्शामा आयोजनास्थल देखाएमा अझ राम्रो हुने थियो । आगामी आ.व.मा बोनश शेयर दिने तर्फ कार्य गर्नुहोला । भनि शुभकामना व्यक्त गर्नुभयो ।

१५. शेयरधनी श्री बिष्णु खरेलले वार्षिक साधारण सभा पौष भित्र गर्नुपर्ने, थोरै भएपनि बोनश दिनुपर्ने भन्दै सवै कुरा अघिल्ला बक्ताहरुले भनिसक्नु भएकोले दोहोर्‍याउन चाहिन भनि सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

१६. शेयरधनि श्री लक्ष्मण बाहादुर श्रेष्ठले शेयरधनिलाई यस बर्ष प्रतिफल दिन नसकेपनि आगामी बर्षमा प्रतिफल दिनेमा आशावादी छु । साधारण सभा किन ढिलो भएको हो । आगामी बर्षमा आर्थिक शुशासन लाई ध्यानमा राखी पौष मसान्त भित्र साधारण सभा गर्न र हकप्रद शेयर छिटो निष्काशन गर्न अनुरोध गर्दछु । साधारण सभामा पेश हुने सवै एजेण्डामा मेरो पूर्ण समर्थन जनाउदै साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दछु ।

यसरी उल्लिखित शेयरधनीहरुबाट उठाइएका प्रश्न, जिज्ञासा, राय तथा सुझावहरुका सम्बन्धमा अध्यक्षले क्रमैसँग प्रश्न तथा जिज्ञासाको उत्तर तथा आवश्यक जानकारी दिनुभयो तथा कम्पनीले सम्पूर्ण शेयरधनी महानुभावहरुको सल्लाह सुझावलाई आत्मसाथ गरी अघि बढ्ने जानकारी गराउनु भए पश्चात् अध्यक्षको अनुमति लिई कम्पनी सचिवले साधारण सभाको विषय सूचीमा उल्लेख भए बमोजिम प्रस्तावहरु निर्णयार्थ सभामा पेश गर्नुभयो ।

**५) निर्णयहरु :**

**क) सामान्य प्रस्ताव सम्बन्धमा**

१. सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष श्री नविन सिलवालले प्रस्तुत गर्नुभएको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन उपर सभामा व्यापक रुपमा छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/८१ का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरु उपर छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८१/८२ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल गर्दा लेखापरीक्षण समितिको मिति २०८१ साल चैत्र १९ मा बसेको वैठकको सिफारिश बमोजिम जोशी एण्ड भण्डारी चाटर्ड एकाउन्टेन्स्का सिए. मनमोहन राज काफ्लेलाई कम्पनीको आ.व. २०८१/८२ को लेखापरीक्षण कार्यको लागि कुल पारिश्रमिक मु.अ.क. सहित रु.३३९,०००/- (अक्षरेपी तिन लाख उनन्चालीस हजार रुपैंया) मात्र हुने गरी लेखापरिक्षक नियुक्त गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

United Modi Hydropower Ltd. UMH Kathmandu, Nepal

४. अन्य लगानी योग्य क्षेत्र पहिचान गरी लगानी गर्नु परेमा लगानी योग्य आयोजनामा लगानीका विकल्पहरु पहिचान गरी आवश्यक सम्पूर्ण काम कारवाही गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**ख) विशेष प्रस्ताव सम्बन्धमा**

१. मिति २०८१।०२।२७ गतेको दशौं वार्षिक साधारण सभाबाट हाल कायम रहेको चुक्ता पूँजी रु.१,२३,०५,००,००० बमोजीमको शेयर संख्या १,२३,०५,००० कित्ता शेयर बराबर १ शेयरका दरले १:१ अनुपातमा हकप्रद शेयर जारी तथा निष्काशन गर्ने निर्णय भएकोमा सो शेयर अनुपात संशोधन गरी १ शेयर दरले ०:६५ अनुपातमा जारी तथा निष्काशन गर्ने सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

२. हकप्रद शेयर निष्काशनका लागि कम्पनीको अधिकृत तथा जारी पूँजी बृद्धि गर्ने सम्बन्धमा । कम्पनीको हाल कायम रहेको अधिकृत पूँजी र जारी पूँजी देहाय बमोजिम बृद्धि गरी स्वीकृत प्रबन्धपत्रको दफा ६ (क) र ६ (ख) मा संशोधन गर्ने प्रस्ताव तपसील बमोजीम सर्वसम्मतिले पारित गरियो ।

<u>तपसिल</u>

<u>प्रबन्धपत्रको दफा ६ (क)</u>

कम्पनीको अधिकृत पूँजी रु. २,५०,००,००,०००/- (दुई अर्ब पचास करोड रुपैंया) हुने छ । सो पूँजीलाई प्रतिशेयर रु.१०० दरको २,५०,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ।

<u>प्रबन्धपत्रको दफा ६ (ख)</u>

कम्पनीले तत्काल जारी गर्ने पूँजी रु. २,०३,०३,२५,०००/- ( अक्षेरेपी दुई अर्ब तिन करोड तिन लाख पच्चीस हजार रुपैंया) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १०० दरका २,०३,०३,२५० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

३. हकप्रद शेयर जारी तथा निष्काशन गर्ने कार्य गर्दा श्री विद्युत नियमन आयोग, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लि., श्री कम्पनी रजिष्ट्रारको कार्यालय, लगायतका नियमनकारी निकायमा आवश्यक अभिलेखन कार्य गर्नका लागी कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सर्वसम्मतीले निर्णय गरियो ।

४. माथि उल्लेख गरे बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गरिएका आवश्यक संशोधनहरु कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत गराउने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्न र नियामक निकाय तथा अन्य सरकारी कार्यालयबाट जारी नीति निर्देशन बमोजिम प्रबन्ध पत्र तथा नियमावलीमा परिमार्जन गर्नुपरेमा सो सम्बन्धमा सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सर्वसम्मतीले निर्णय गरियो।

United Modi Hydropower Ltd. UMH Kathmandu, Nepal

ग) विविध

६). यस साधारण सभाको माइन्युटमा हस्ताक्षर गर्नको लागि सञ्चालक समितिका अध्यक्ष श्री नविन सिलवाल, प्रबन्ध सञ्चालक श्री रोमन दंगाल तथा शेयरधनी श्री उद्धव प्रसाद घिमिरेलाई अधिकार दिने सर्वसम्मतिद्वारा निर्णय गरियो ।

७) सभा विसर्जन :

साधारण सभाको निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णयहरु भएको र छलफलका लागि अन्य विषय बाँकी नभएको हुँदा कम्पनी सचिवले एघारौं वार्षिक साधारण सभा अन्त्य भएको घोषणा गरी धन्यवाद ज्ञापन तथा सभा विसर्जनको लागि अध्यक्षज्यूलाई अनुरोध गर्नु भएकोमा सञ्चालक समितिका अध्यक्ष श्री नविन सिलवालले कम्पनी सचिव नारायण प्रसाद आचार्यलाई साधारण सभा समापन गर्न अनुमति दिनु भएकोले अध्यक्षको तर्फबाट कम्पनीका सचिवले एघारौं वार्षिक साधारण सभामा उपस्थित भई सभामा छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएका प्रस्तावहरुमा सक्रियाता पूर्वक सहभागी भई सभालाई सफल रुपमा सम्पन्न गर्न गराउन सहयोग पुर्याउने सबै शेयरधनीहरु, मिडिया तथा कम्पनीको प्रगतिमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्ने सम्बद्ध सबैलाई र यस कम्पनीका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नु भयो । साथै शेयरधनीहरुले सञ्चालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दै भविष्यमा पनि यस्तै रचनात्मक सहयोगको अपेक्षा राख्दै कम्पनीको यस एघारौं वार्षिक साधारण सभा सम्पन्न भएको घोषणा गर्नु भयो । साधारण सभा दिनको २:०० बजे विसर्जन गरिएको थियो ।

United Modi Hydropower Ltd. UMH Kathmandu, Nepal

| | | | |
|---|---|---|---|
| श्री नविन सिलवाल | श्री रोमन दंगाल | श्री उद्धव प्रसाद घिमिरे | श्री नारायण प्रसाद आचार्य |
| अध्यक्ष | प्रबन्ध सञ्चालक | शेयरधनी | कम्पनी सचिव |

ईति सम्बत २०८१ साल चैत्र महिना २७ गते रोज ४ शुभम्.................................................।